Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87555
Research Article
ISSN: 3021-9035 Print

# स्नातक तहको नेपाली शिक्षा विषयका पाठ्यांशमा समाविष्ट साहित्यिक विधाको पर्याशैक्षणिक पर्यालोकन

**डा. राजेन्द्र खनाल**
*sauravabhirk@gmail.com*

### लेखसार

पर्यावरणीय पक्षको सन्तुलन र संरक्षण वर्तमान मानव समाजका लागि अपरिहार्य छ। यसको औचित्यका सम्बन्धमा दिगो विकास लक्ष्यले पनि जोड दिएको छ। प्रत्येक व्यक्तिमा औपचारिक कक्षाका पाठ र पाठ्यांशका माध्यमबाट पर्यावरणीय चेतना विकास गर्न आवश्यक रहने हुनाले पर्याशैक्षणिक सन्दर्भ वर्तमान समयको मुख्य आवश्यकता बनेको छ । प्रस्तुत लेख त्रिविअन्तर्गतका स्नातक तहमा समाविष्ट नेपाली विषयका पाठ्यांशमा रहेका पाठहरूमा प्रस्तुत गरिएका पर्याशैक्षणिक पक्षको विश्लेषण गर्नु रहेको छ। गुणात्मक ढाँचामा तयार पारिएको यस लेखमा निर्दिष्ट पाठ्यांशमा समाविष्ट पर्यावरणीय विषयवस्तु उल्लेख भएका पाठ तथा तिनमा अभिव्यक्त विचारलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ। त्यसैगरी पर्यावरणीय समालोचना र पर्याशैक्षणिक सन्दर्भसँग सम्बद्ध सैद्धान्तिक ग्रन्थ, लेख तथा प्रतिवेदनलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । आलोचनात्मक विश्लेषण प्रक्रिया अपनाइएको यस लेखमा निर्दिष्ट पाठ्यांशका पर्यावरणीय विषयवस्तु मूल तथ्य बनेका छन्। निर्दिष्ट 'अनिवार्य नेपाली' पाठ्यांशमा रहेकामा जम्मा छओटा कवितामध्ये जम्मा एउटा कविता पर्यावरणीय सन्दर्भसहित सचेतता पाइएकाले पर्याशैक्षणिक दृष्टिबाट उक्त पाठ्यांशमा रहेका पाठहरू चयनीय मान्न सकिँदैन । त्यस्तै बिएड प्रथम वर्षको मेजर तथा माइनर विषयका रूपमा रहेको 'नेपाली कथा र उपन्यास' पाठ्यांशमा रहेका कथाहरू पर्याशैक्षणिक दृष्टिले हेर्दा चयनीय छैनन् भने अर्को मेजर विषयका रूपमा रहेको नेपाली नाटक, एकाङ्की र 'निबन्ध' पाठ्यांशमा एउटा एकाङ्की मात्र पर्याशैक्षणिक दृष्टिले उपयुक्त देखिन्छ । बिएड दोस्रो वर्षको 'नेपाली कविता र काव्य' पाठ्यांशका रचनामध्ये तीनोटा रचनामा पर्याचेत प्रकट भएको र अन्य केही रचनामा पनि पर्यावरणीय पक्ष पर्याप्त उल्लेख गरिएकाले पर्याशैक्षणिक दृष्टिले उक्त पाठ्यांशलाई उपयुक्त मान्न सकिन्छ। त्यसैगरी बिएड तेस्रो वर्षको 'साहित्यशास्त्र र नेपाली समालोचना' पाठ्यांशमा पनि पर्यावरणीय समालोचना समावेश गरी तत्सम्बन्धी क्षमता विकाससहित सचेतता अभिवृद्धि गर्न सकिने भए पनि उक्त पाठ्यांशमा पर्यावरणीय समालोचनालाई प्रविष्ट गरिएको छैन । साथै अन्य पाठ्यांशमा पनि पर्यावरणीय सन्दर्भ, तत्सम्बन्धी शब्दभण्डार, अभ्यास र परियोजना कार्यहरू कुनै न कुनै रूपमा प्रश्रय दिन सकिने भए तापनि त्यस्ता पक्षलाई प्रवेश गराइएको देखिँदैन। तसर्थ पर्याशैक्षणिक दृष्टिले बिएडका नेपाली विषयका पाठ्यांशलाई सकारात्मक भन्न सकिने अवस्था देखिँदैन।

### शब्दकुञ्जी

पर्यावरणीय सन्तुलन, पर्याचेत, पर्यावरण संरक्षण, सांस्कृतिक पर्यावरण।

### विषय प्रवेश

'पर्यावरण' शब्दले सामान्यतः जल, जमीन, हावाको

समष्टिगत परिवेशलाई जनाउँछ। पर्यावरणमा आठओटा प्रमुख तत्त्व र तिनको सहसम्बन्ध रहेको हुन्छ; जसलाई अष्ट 'ज' भनिएको पाइन्छ। उक्त अष्ट 'ज' मा जल, जमिन, जङ्गल, जडिबुटी, जनशक्ति, जनावर, जराजुरी, जलवायु पर्छन् (पौडेल, सन् २०२४, पृ. ७)। मानवका जीवन व्यवहारले पर्यावरणको प्रवर्धन तथा संवर्द्धनमा प्रमुख भूमिका खेलेकाले मानव तथा पर्यावरणबिच अभेद्य सम्बन्ध छ (भट्टराई, २०७०, पृ. ७६)। पर्यावरणले प्राकृतिक र मानव निर्मित संरचनालाई जनाउँछ। जैविक प्रक्रियाहरूको समष्टिगत रूपलाई पर्यावरणका रूपमा अर्थ्याइएको पाइन्छ। पर्यावरण भनेको मानिस बसोबास गर्ने वरिपरि तथा समग्र विश्व ब्रह्माण्डमा फैलिएको हावा, पानी, जल, आकाशलगायतका समग्र वस्तुहरूलाई सङ्केत गर्छ अर्थात् प्राकृतिक वस्तु, पदार्थ तथा मानवनिर्मित संरचनाको समष्टि हो। मानिस यही प्रकृतिको अंश भएकाले मानिस र पर्यावरण आपसमा सम्बन्धित छन्।

मानिस र प्रकृतिका बिचमा जैविक, आर्थिक, भावनात्मकसहितका अनेक पक्षमा सम्बन्ध रहँदै आएको छ। मानिस प्रकृतिकै अंश भएकाले ऊ हरेक किसिमले प्रकृतिसँग सम्बन्धित रहेको छ। मानिसले पर्यावरणप्रतिको आफ्नो दायित्व पूरा गर्न सकेको छैन। असन्तुलित, स्वार्थपूर्ण र अतिप्रयोग गरेका कारण प्रकृति जगत् विनाशको चपेटामा परेको छ। मानिस जिम्मेवारविहीन र विवेकहीन बन्दा प्रकृतिजगत् र स्वयम् मानिसकै अस्तित्व पनि सङ्कटमा परेको छ। जीव र प्राणीको अन्तर्निर्भरताको वर्णन गर्ने पारिस्थितिक पद्धतिको सङ्कटप्रति मानिसको चासो र चिन्ता कम हुँदै गएको छ। प्रकृति विनाशका गतिविधिहरूका साथसाथै यसको संरक्षणप्रतिको चिन्ता र चासो क्रमशः बढ्दै गएको पनि पाइन्छ। पर्यावरण र मानिसबिच अथवा समग्र प्राणीबिच अभेद्य सम्बन्ध रहेकाले पर्यावरणीय पक्ष र मानवबिचमा परस्पर सम्बन्ध केलाई र पर्यावरणीय सचेतनाको पक्ष उद्घाटन गर्ने कार्य आवश्यक हुन्छ। साथै पर्यावरणीय सचेतता निर्माणमा सजग हुनुपर्ने पनि देखिन्छ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायले तीन बर्से स्नातक तहको कार्यक्रमलाई २०७३ सालदेखि चार बर्से कार्यक्रमका रूपमा विस्तार गर्‍यो। चार बर्से कार्यक्रममा अनिवार्य, मेजर र माइनर विषयहरू सञ्चालनमा ल्याइएका छन्। नेपाली विषयका सन्दर्भमा प्रथम वर्षमा एउटा 'अनिवार्य नेपाली' (४०१) स्नातक तहको शिक्षाशास्त्र अध्ययन गर्ने सबै विद्यार्थीका लागि अनिवार्य गरिएको छ। नेपाली विषयलाई मूल विषयका रूपमा लिने विद्यार्थीलाई मेजर र सहायक विषयका रूपमा लिने विद्यार्थीलाई माइनर विषयका रूपमा विभिन्न पाठ्यांशहरू तयार गरी पठनपाठन भइरहेको वर्तमान अवस्था छ। बिएड प्रथम वर्षमा नेपाली मूल विषय लिनेहरूका लागि 'नेपाली कथा र उपन्यास' (नेपाशि. ४१६) तथा 'नेपाली नाटक, एकाङ्की र निबन्ध' (नेपाशि. ४१७) गरी दुई विषय मेजर विषय रहेका छन् भने अन्य विषय मूल बनाएर नेपाली विषयलाई माइनरका रूपमा लिनेहरूका लागि 'नेपाली कथा र उपन्यास' (नेपाशि. ४१९) लाई माइनर विषयका रूपमा रहेको छ। उक्त पाठ्यांशको सङ्केत मात्र भिन्न बनाइएको छ भने पाठ्यवस्तु हुबहु नै राखिएको छ।

बिएड दोस्रो वर्षमा मूल विषयका रूपमा तीनओटा विषय रहेका छन्। 'भाषाविज्ञान र नेपाली भाषा' (नेपाशि. ४२२), 'नेपाली कविता र काव्य' (नेपाशि.४२३) र 'नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति' (नेपाशि. ४२३) पाठ्यांश रहेका छन्। नेपाली माइनर विषय लिनेका लागि 'नेपाली कविता र काव्य' विषयलाई माइनर बनाइएको छ, पाठ्यांश सङ्केत (नेपाशि.४२९) बनाइए पनि पाठ्यवस्तु मेजर विषयकै रहेका छन्। त्यसैगरी बिएड तेस्रो वर्षमा 'भाषा शिक्षण' (नेपाशि.४३२), 'प्रायोगिक भाषाविज्ञान' (नेपाशि.४३३) तथा 'साहित्यशास्त्र र नेपाली समालोचना' (नेपाशि.४३४) पाठ्यांश रहेका छन्। नेपाली माइनर विषय लिनेहरूका लागि 'भाषा शिक्षण' विषयलाई माइनर बनाइएको छ, पाठ्यांश सङ्केत (नेपाशि.४३९) बनाइए पनि पाठ्यवस्तु मेजर विषयकै रहेका छन्। बिएड चौथो वर्षमा मेजर विषयका दुइटा पाठ्यांश छन्। ती पाठ्यांश 'अनुसन्धान विधि' (नेपाशि.४४५) र 'व्यावहारिक लेखन तथा सम्पादन' (नेपाशि.४४६) हुन्। चौथो वर्षको नेपाली

माइनर विषयको पाठ्यांश 'व्यावहारिक लेखन र सम्पादन' (नेपाशि.४४९) हो जसको विषयवस्तु पूर्णतः मेजर विषयकै रहेको छ।

प्रस्तुत लेखमा साहित्यिक विधालाई पाठ्यवस्तु बनाइएका पाठ्यांशको मात्र विश्लेषण गरिएको छ। विविध विधा जस्तै, कथा, कविता, उपन्यास, नाटक, निबन्ध, एकाङ्की, खण्डकाव्य, महाकाव्य, उपन्यासजस्ता विधा र पाठहरू पाठ्यांशमा प्रविष्ट गर्न सकिन्छ। मानिसको हित र पर्यावरणीय सन्तुलन कायम राख्नका लागि पर्यावरणीय विषयसन्दर्भ समावेश भएका तथा पर्याचेत रहेका विषयवस्तुलाई प्राधान्य दिइनुपर्छ भन्ने मान्यता विकास भइरहेको अवस्था एकातिर छ भने अर्कातिर दिगो विकास लक्ष्यका लागि पनि शैक्षिक सरोकारवालामा पर्यावरणीय सन्तुलन र सचेतता अभिवृद्धिको आवश्यकता पर्छ। तसर्थ पर्यावरणीय पक्ष तथा पर्यासन्तुलनका लागि भएगरेका प्रयास समेटी तयार पारिएका विषयवस्तु र पर्याचेतसहित सृजना गरिएका सोद्देश्यमूलक रचनासमेत पाठ्यांशका पाठहरूमा समावेश गर्न सकिने भएकाले 'अनिवार्य नेपाली', 'नेपाली कथा तथा उपन्यास', 'नेपाली नाटक, एकाङ्की र निबन्ध' तथा 'नेपाली कविता र काव्य' गरी जम्मा चारोटा पाठ्यांशमा समावेश गरिएका विधाको विश्लेषण गरिएको छ।

पर्याशैक्षणिक दृष्टिले स्नातक तहमा नेपाली शिक्षाका कृतिको विश्लेषण भएको नपाइनु तथा शिक्षार्थीलाई पर्यावरणीय पक्षतर्फ अभिमुख तुल्याउने कृति आवश्यक रहेको अवस्थामा यस लेखको सान्दर्भिकता स्पष्ट हुन्छ। यस लेखमा निर्दिष्ट कृतिमा समाविष्ट पर्याशैक्षणिक पक्षभन्दा इतरका विषयसन्दर्भ र संचनागत विश्लेषण गरिएको छैन। यो लेखबाट पर्यावरणीय समालोचना क्षेत्रका अध्येता, समालोचक र निर्दिष्ट बालउपन्यासका पाठकहरू लाभान्वित हुने देखिन्छ। त्यसैगरी कृतिका सर्जकहरूलाई पनि पर्यावरणीय सचेततासहित कृतिलाई पर्यावरणमैत्री बनाउनका लागि अभिप्रेरणा प्राप्त हुने अपेक्षा गरिएको छ।

## *अध्ययनविधि*

प्रस्तुत लेख त्रिभुवन विश्वविद्यालयअन्तर्गत चार बर्से स्नातक तहको नेपाली शिक्षा विषयका पाठ्यांशमा समावेश गरिएका पाठहरूमा रहेका पर्यावरणीय सन्दर्भ र सचेतता प्रकट भएका विषयवस्तु विश्लेषणमा केन्द्रित छ। पुस्तकालय कार्यबाट तथ्य सङ्कलनसहित विश्लेषण गरिएको यो लेख गुणात्मक ढाँचामा तयार पारिएको छ । यस लेखमा प्राथमिक र द्वितीयक स्रोतीय सामग्री उपयोग गरिएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तहका 'अनिवार्य नेपाली', 'नेपाली कथा तथा उपन्यास', 'नेपाली नाटक, एकाङ्की र निबन्ध' तथा 'नेपाली कविता र काव्य' गरी जम्मा चारोटा पाठ्यांशलाई विश्लेषणका लागि प्राथमिक स्रोतका रूपमा लिइएको छ । त्यस्तै पर्याशैक्षणिक सन्दर्भका सैद्धान्तिक ग्रन्थ र तत्सम्बन्धी अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानात्मक लेखलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। आलोचनात्मक विश्लेषणको ढाँचा अपनाई पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्वरूप र भाषा पाठ्यांशको परिचयका साथमा पर्यावणीय दृष्टिले उपयुक्त मानिएका पर्यावरणीय पक्ष तथा सचेतता भएका पाठ र विषयवस्तुको निरूपण गरी विश्लेषणसहित निष्कर्ष निकालिएको छ।

## *सैद्धान्तिक आधार*

### *पाठ्यांश*

पाठ्यक्रम र पाठ्यांशलाई पर्यायवाची किसिमले प्रयोग गरिएको पाइन्छ; तर पाठ्यक्रमलाई व्यापक अर्थमा लिइन्छ। शैक्षिक कार्यक्रमको आवश्यकता पहिचान, शैक्षिक लक्ष्य र उद्देश्यसहित निश्चित कक्षाको खास विषयवस्तुको छनोट, सिकाइ सहजीकरण, सरोकारवालाको भूमिका, मूल्याङ्कन योजना र कार्यान्वयनसम्मका सबै पक्षलाई पाठ्यक्रमले अर्थ्याउँछ भने पाठ्यांशले खास कक्षाका निश्चित उद्देश्य, ती पूरा गर्नका लागि तयार पारिएका विषयवस्तुको समग्र विवरण, तिनको शृङ्खला, सहजीकरण र मूल्याङ्कन योजनाका पक्षलाई मात्र जनाउँछ।

पाठ्यांश सिकाइ उपलब्धि हासिल गर्नका लागि

तोकिएको अवधिभित्र कस्ता ज्ञान, सिप र धारणाहरू प्रदान गर्ने भन्ने कुराको रूपरेखा वा सूचना दिने माध्यम हो। पाठ्यांशको उद्देश्य हो विषयगत रूपमा आवश्यक सूचना दिनु (कर्मचार्य र अन्य, सन् २००३, पृ.७)। पाठ्यांश भनेको शैक्षणिक अन्तर्किया र शिक्षणका लागि तयार पारिएका विषयवस्तुको क्रमबद्ध वर्णन हो (रिचर्डस् एन्ड अदर्स, सन् १९९९, पृ. ३६८)। पाठ्यांशले पाठ्यक्रमका विभिन्न तत्त्वमध्ये विषयवस्तुलाई मात्र प्रतिनिधित्व गर्ने भएकाले यसको उद्देश्य सिकारुमा विषयगत ज्ञान प्रदान गर्नु हो (निउरे, २०७०, पृ. १५)। पाठ्यांश सैद्धान्तिक हुने भएकाले यसले कक्षाकोठामा सिकाउने विषयवस्तुको आवश्यक सूचना मात्र दिन्छ (खनाल र अधिकारी, २०६८, पृ. १२)। पाठ्यांश भनेको शिक्षक र विद्यार्थीहरूका लागि बनाइएका निर्देशनहरूको एउटा समुच्चय हो (ढुङ्गेल र दाहाल, २०७४, पृ. १३)। यसबाट पाठ्यांशलाई शैक्षणिक उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ विधि र क्रियाकलाप तथा मूल्याङ्कनको योजनाका रूपमा लिन सकिन्छ; तर व्यापक अर्थको पाठ्यक्रमको पर्याय मान्न सकिन्न।

## *भाषा पाठ्यांश*

भाषा पाठ्यांश भन्नाले भाषा सिकाइका लागि विविध सन्दर्भ तथा परिवेशमा आवश्यक पर्ने सञ्चारका लागि उपयुक्त व्याकरण र शब्दभण्डारसहित निर्माण गरिएका विषयवस्तुको वर्णनात्मक शृङ्खला हो ((रिचर्डस् एन्ड अदर्स, सन् १९९९, पृ.३६८)। भाषा पाठ्यांश भनेको भाषा पाठ्यक्रमको एक भाग वा अंश हो, जसले भाषा शिक्षणका लागि पथप्रदर्शन गर्छ (शर्मा र एन्ड अदर्स, सन् २०१६, पृ.२२८)। भाषा पाठ्यक्रमले निर्देश गरेका उद्देश्य पूरा गर्नका लागि भाषिक सिपहरूको प्राप्तिमा केन्द्रित कक्षामा प्रस्तुत गरिने पाठ नै भाषा पाठ्यांश हुन् (ढकाल, २०७३, पृ. ५)। पाठ्यांश भनेका पढ्ने, पढाउने कुरा हो र यो पनि पाठ्यक्रमकै एउटा आंशिक तर महत्त्वपूर्ण अङ्ग हो। भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य र तिनको परिपूर्तिका लागि तय गरिएका विषयवस्तु वा पाठ्यसूचीअनुरूपका विषवस्तुलाई विद्यार्थीहरूका स्तर, उमेर, क्षमता, रुचि र सिकाइ प्रवृत्तिअनुरूप ढालेर विभिन्न विधाका रूपमा परिणत गरी सीमाङ्कन गर्ने र व्यावहारिक प्रस्तुति दिने काम पाठ्यांशले गर्छ (पौडेल, २०६७, पृ. १०। यसबाट भाषिक सिप विकासलाई मुख्य उद्देश्य बनाएर तयार पारिएका भाषिक र साहित्यिक विधामा आधारित पाठ्यांश नै भाषा पाठ्यांश हुन् भन्न सकिन्छ।

## *पर्यावरण र पर्यासाहित्य*

पर्यावरणीय सन्दर्भमा केन्द्रित साहित्यलाई पर्यासाहित्य भनिन्छ। पर्यासाहित्यमा पृथ्वीसँग सन्तुलन कायम गर्दै सामाजिक र पर्यावरणीय सम्बन्धका बारेमा सचेतनामूलक गतिविधि केन्द्रित गर्नुपर्छ (मिसियजेक, सन् २०२२, पृ. २६)। पर्यावरणीय मूल्य प्रत्येक व्यक्तिले सामाजिक र वातावरणीय न्यायका बारेमा चिन्तन गर्दै पृथ्वीका जैविक प्रजातिहरूको पारिस्थितिक गतिमा न्यायोचित व्यवहार सम्पादनमा केन्द्रित रहन्छ (कान, सन् २०१०, पृ. १३६)। यसले प्राकृतिक पारिस्थितिकी र सामाजिक पारिस्थितिकीका विषयवस्तुलाई स्पष्ट गर्दै तिनको स्वाभाविक अन्तर्सम्बन्ध, चक्रीय प्रणाली तथा मानवीय भूमिकाका बारेमा सुसूचित गर्छ। पृथ्वीमा रुख, चराचुरुङ्गी, जनावर, नदी, समुद्र आदि पर्यावरणीय पक्ष नभएको भए मानिसको अस्तित्व सम्भव थिएन। तसर्थ पर्यासाहित्यले पारिस्थितिकीको अन्तर्सम्बन्धका बारेमा स्पष्ट दृष्टिकोण निर्माणमा सहयोग पुऱ्याउँछ (फ्रेरे, सन् २००५, पृ. ८२)। यसबाट सामाजिक र प्राकृतिक वातावरणको सम्बन्ध र सचेततासहित पर्यावरणीय सन्दर्भलाई दिगो विकासका लक्ष्यका मूल कार्यक्रमसँग एकीकृत गर्नका लागि जोड दिनु आवश्यक छ भन्ने स्पष्ट हुन्छ।

प्राणी र पर्यावरणको आपसी सम्बन्धले नै सृष्टिको अस्तित्व गतिशील भएकाले पर्यावरणीय तत्त्वहरूको अस्तित्व रक्षा, सन्तुलन र प्रवर्धनप्रति सचेत बन्नुपर्छ। यसका लागि साहित्य, पाठ्यपुस्तक, सामाजिक व्यवहार, सांस्कृतिक मूल्य आदि सबै पक्षमा तिनको उपयोगिता र महत्त्व देखाउनु आवश्यक हुन्छ।

## *पर्यावरण र मानिसको सम्बन्ध*

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा र प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ। जनसङ्ख्या वृद्धि हुँदै गएपछि यो क्रममा बढोत्तरी आउँछ। प्रकृतिले प्राणी तथा वनस्पतिका आआफ्नै जीवनचक्र दिएको छ। तिनको सृष्टि तथा जन्म र अन्त्य वा मृत्यु मात्र होइन, तिनीहरूका माटो, पानी, हावा आदिमा सम्मीलनको प्राकृतिक नियम नै छ । त्यस्ता स्वाभाविक गतिमाथि मानिसको सकारात्मक सहयोग हुनु आवश्यक छ । मानिसले तिनको संरक्षण गर्न सक्नुपर्छ । पारिस्थितिक प्रणालीको स्वाभाविक गतिमा मानिसबाट नियन्त्रण र बाधा होइन कि सकारात्मक सहयोग हुनुपर्छ (ट्यालर, सन् २०११, पृ. ११३) । तसर्थ प्रकृतिले मानिसबाट अभिभावकीय भूमिकाको अपेक्षा गर्छ भन्न सकिन्छ । प्रकृति र मानवीय क्रियाकलापबिचको सम्बन्ध प्रगाढ हुने भएकाले पर्यावरणीय स्वच्छतातर्फ मानिस अग्रसर हुनुपर्छ। पर्यावरणबाट मानिस र मानिसबाट पर्यावरणको अस्तित्व रक्षा हुन्छ। प्रकृति र मानवीय क्रियाकलापको सम्बन्धको विश्लेषणका साथै पर्यावरणीय सन्दर्भमा प्रकृति र नारी सम्बन्ध अझ सुमधुर हुन्छ । ग्रामीणपन प्रकृतिसँग मानवीय सम्बन्ध मौलिक रहेको तर सहरिया परिवेशमा मानिस र पर्यावरणीय अन्तर्सम्बन्ध कायम हुन नसकेको (न्यौपाने, २०७९, पृ.४२) स्थिति छ। पर्यावरण र मान्छेबिचको सम्बन्ध तथा मान्छे पर्यावरणबाट भिन्न रहेर आफ्नो अस्तित्व कायम नसक्ने हुनाले मानिस र पर्यावरणका बिचमा घनिष्ठ सम्बन्ध रहेको छ (पोखरेल, २०७५, पृ.४७) । पहिले मानिस र प्रकृतिबिचको प्रगाढ सम्बन्ध कायम थियो भने अहिले मानिसका गतिविधिले प्रकृतिसँगको त्यो सम्बन्ध बिग्रिएको छ । मानिसका क्रियाकलापका कारण प्रकृतिको स्वाभाविक गति र सुन्दरतामा बाधा सृजना भएको छ (ग्रार्ड, सन् २००४, पृ. १)। यसबाट पर्यावरणीय पक्षमाथि मानिसको नकारात्मक हस्तक्षेप भइरहेको प्रस्ट हुन्छ।

## *सामाजिक र सांस्कृतिक पर्यावरण*

नेपाली समाज सांस्कृतिक र सामाजिक दृष्टिले विविधतामय रहेको छ । नेपाली ग्रामीण समाजका दैनिकीसँग सम्बद्ध परिवेश र वस्तुका बारेमा सहरिया परिवेशका बालबालिका अपरिचित छन्। तिनलाई मौलिक सांस्कृतिक र सामाजिक वस्तुका बारेमा जानकारी लिने र उपयोग गर्ने अवसरबाट वञ्चित गरिएको अवस्था छ। नेपाली सामाजिक सांस्कृतिक वस्तु र परिवेश हराउँदै गएका छन्, जसका कारण मौलिक पनि खस्कँदै गएकाले कृत्रिमताको भारी बोक्न बाध्य बनाइएको छ। नेपाली मौलिक परम्परामाथि हस्तक्षेप भइरहनु पर्यावरणीय हिसाबले पनि नकारात्मक सङ्केत हो ।

नेपाली परम्परा र संस्कृति पूर्वीय मान्यतामा आधारित भएकाले प्रकृति, विभिन्न वनस्पति तथा पशुपक्षीहरूलाई ईश्वरका प्रतिरूप मानिँदै आएको पाइन्छ। विभिन्न चाडपर्व र सन्दर्भमा तिनको पूजा गर्ने चलन रहेकाले संरक्षणका लागि नैतिक सामाजिक कर्तव्यसमेत स्थापित हुनुले पनि सांस्कृतिक र सामाजिक दृष्टिमा पनि पर्यावरणप्रति मानिसको उत्तरदायित्व झल्कन्छ। आर्थिक उपार्जन र जीवनयापनका लागि मानिसले साधन बनाएको जस्तो देखिए तापनि घरपालुवा जनावर तथा पक्षीको सामीप्य मानिसले परापूर्वकालदेखि नै अपनाउँदै आएको छ । बर, पिपल, तुलसी, समी आदि वृक्षको धार्मिक साहचर्य र फूलहरूको भिन्न सन्दर्भमा उपयोग गरिनु पनि सांस्कृतिक दृष्टिले अर्थपूर्ण रहेको देखिन्छ। देवकार्य र पितृकार्यमा उपयोग गरिने प्रसाद तथा फूलहरूका कारण सबै किसिमका वनस्पतिले पनि सांस्कृतिक महत्ता बोकेका छन् । तसर्थ समाजका परम्परागत मूल्य र सांस्कृतिक मान्यतासँग पर्यावरणको निकटता स्पष्ट हुन्छ । शैक्षणिक सन्दर्भमा पनि पाठ्यसामग्रीका रूपमा रहेको पाठ र विधाहरूमा कुनै न कुनै पर्यावरणीय सन्दर्भ उठान भएकै हुन्छन् । पर्यावरणप्रति सचेत र पर्यावरणमैत्री लेखकले पर्यावरणीय सहसम्बन्धका विषयवस्तु सकारात्मक किसिमले उठान गरेका हुन्छन् ।

साहित्यिक कृति रचना गर्दा स्रष्टाले मानिस तथा सम्बद्ध सामाजिक सांस्कृतिक मान्यता र परिवेशको उठान गरेको हुन्छ। आख्यानमा पर्यावरण भन्नाले इतिवृत्तको क्रम

र प्रकृतिलाई परिभाषित गर्ने तथा पात्रका बाह्याचरण र बाह्यपरिवेशलाई विशिष्टता प्रदान गर्ने प्रकृति, मानवीय सम्बन्ध र सामाजिक आर्थिक पृष्ठभूमि आदि भन्ने बुझिन्छ। आख्यानमा पात्रको व्यक्तित्व, परिवार, पारिवारिक पृष्ठभूमि, समाज, सामाजिक परम्परा, प्रकृति कोठेबारीका फूल र करेलाको झाल, घरपारिपट्टिको तारेभिर, माथिको अटव्य जङ्गल, ऋतु तथा अन्यान्य भूप्राकृतिक विशेताहरूदेखि लिएर पात्रका क्रियाकलाप, क्रियाव्यापार, घट्ने पृष्ठभूमि वा स्थिति, भाषा, भाषिका, व्यक्ति, बोली आदि सारा कुरा पर्यावरणद्वारा प्रभावित र प्रवर्तित हुन आउँछन् (नेपाल, सन् २०११, पृपृ. १०३–१०४)। यसले पर्यावरण प्राकृतिक पक्ष मात्र नभएर मानवनिर्मित परिवेश, अवस्था र वस्तुबिचको समग्रता हो भन्ने स्पष्ट पार्छ।

## *पर्याचेत*

पृथ्वी र प्रकृतिमाथि भइरहेका विनाश र क्षयीकरणले प्रत्यक्ष र परोक्ष रूपमा हामीलाई नकारात्मक असर परिरहेको सन्दर्भ एकातिर छ भने अर्कातिर पर्यावरणीय सन्तुलनका लागि मानिसबाट हुनुपर्ने पहल पनि नभइरहेको अवस्था छ। प्रकृतिलाई मानिसले आफ्नो मात्र सम्पत्ति ठानेको र अझ पुँजीवादी मानसिकताले प्रकृतिको निरन्तर दोहन गरिरहेको वर्तमान अवस्थामा बालसाहित्य मात्र होइन सबै किसिमका साहित्यले पर्यावरणमैत्री भावना र विचार विकास गर्ने ध्येय राख्नुपर्ने देखिन्छ।

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा र प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ। जनसङ्ख्या वृद्धि हुँदै गएपछि यो क्रममा बढोत्तरी आउँछ। औद्योगिक क्रान्तिले फेरि पारिस्थितिक अवधारणाको पुनर्निर्माण गरिदियो। औद्योगिक विकास, आर्थिक उन्नति र मानव हितजस्ता पक्षहरूले प्राथमिकता पाउन थाल्यो। यसै सन्दर्भमा पर्यावरणीय सङ्कटप्रति चिन्ता व्यक्त गर्दै मानवीय व्यवहार र पर्यावरणबिचको सम्बन्धको विवेचन गर्न थालियो। यस किसिमको समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ। यो मानवकेन्द्री नभएर जीवकेन्द्री र पर्यावरणकेन्द्री समालोचना हो। अङ्ग्रेजी भाषामा प्रचलित 'इकोक्रिटिसिज्म' शब्द 'इकोलोजिकल क्रिटिसिज्म' को सङ्क्षिप्त रूप हो। यसलाई बुझाउन 'नेपालीमा पर्यावरणीय समालोचना' को प्रयोग गरिन्छ। यसलाई पर्यावरणीय काव्यशास्त्र, वातावरणीय साहित्य अध्ययन, वातावरणोन्मुख, समालोचना, हरित साहित्य अध्ययन, हरित सांस्कृतिक अध्ययन, हरित व्याकरणजस्ता नामहरूबाट पनि चिनिन्छ (एटम, २०७०, पृ. १७३)। पर्यावरणीय अध्ययन इकोलोजीको प्रमुख अध्ययनशास्त्र बनेको देखिन्छ। मानिसले चेतनालाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्नेमा स्वार्थपूर्ण ढङ्गले प्रयोग भएको देखिन्छ। मानिसका समग्र क्रियाकलापहरू मानवको हितमा समर्पित बन्दै गएका छन्। पर्यावरणको संरक्षण गर्ने कार्यले पनि मानवकै हित गर्दछ; यद्यपि मानिसले तत्कालीन हितलाई बढी प्राथमिकता दिँदा पर्यावरण संरक्षण ओझेलमा पर्दै गएको देखिन्छ।

पर्यावरणीय चेतना साहित्यमा महत्त्वका साथ प्रस्तुत गर्नुपर्छ (गौतम, २०६९, पृ. ३७)। पर्यावरणीय सन्दर्भ मानिसको सांस्कृतिक पक्षसँग पनि सम्बन्धित छ (एटम, २०६९, पृ. ५७)। उत्तरऔपनिवेशिक प्रवृत्तिले पर्यावरणमाथि प्रभाव पारिरहेको छ (रेग्मी, २०६९, पृ. ३५)। पर्यावरणीय चिन्तन र सचेततामा स्वच्छन्दतावादीहरू प्रकृतिका विविध पक्ष वा पर्यावरणसँग निकट भई सृजना गर्न लालायित हुने र स्वच्छन्दतावादी सृजनाले पर्यावरणको मित्रवत् परख गर्ने (भट्टराई, २०७०, पृ. ७६) भएकाले स्वच्छन्द साहित्य पर्यावरणीय दृष्टिले उपयुक्त हुन्छ। पर्यावरण र नारीलाई पितृसत्ताको प्रतिनिधि राज्यसत्ताले प्रतिस्पर्धात्मक रूपमा उपभोग गरी तिनको अस्तित्वलाई सङ्कटमा पारेर आफ्नो प्रभुत्व कायम गरेको हुँदा त्यसतर्फ सचेततापूर्वक प्रतिरोध गर्नुपर्छ (एटम, २०७४, पृ. ६३)। पितृसत्ताको प्रभुत्व र युद्धजनित विध्वंश र विस्थापनले पर्यावरणीय पक्षमा ह्रास आइरहेको हुन्छ। त्यस्ता प्रभुत्व र विध्वंशका विरुद्धमा पनि आवाज उठाउनु आवश्यक छ।

पर्यावरणीय समालोचना तथा पर्याशैक्षणिकताले मानव जगत्को दीर्घकालीन हितलाई जोड दिँदै पर्यावरण संरक्षणको दिशामा अग्रसर हुँदै साहित्यिक कृतिमा रहेका चेतनाको खोजी, विश्लेषण र तिनलाई महत्त्व दिने काम

गर्छ । साहित्यिक कृतिमा रहेका पर्यावरणीय पक्षमा सचेतताको खोजी गरी पर्यावरणमैत्री भावना विकास गर्ने र सोअनुकूलको शैक्षणिक व्यवहारमा केन्द्रित गरिन्छ । पर्याशैक्षणिक दृष्टिले पर्यालोकन गर्दा पर्यावरणीय पक्षको विश्लेषण मात्र होइन, पर्याचेतको आग्रहतर्फ पनि अपेक्षा रहन्छ ।

## *प्राप्ति र विमर्श*

अनिवार्य नेपाली (४०१) पाठ्यांशमा व्याकरण, शब्दभण्डार, वर्णविन्यास, बोध, अनुच्छेद रचना, निबन्ध लेखन, व्यावहारिक लेखन, प्रतिवेदन लेखन र साहित्यिक कृतिको अध्ययनसँग सम्बद्ध विषवस्तु र पाठहरू समावेश गरिएको छ । साहित्यिक कृतिको अध्ययनअन्तर्गत छओटा कविता, चारओटा निबन्ध, पाँचओटा कथा, दुइटा नाटक र एउटा उपन्यासलाई पाठ्यसामग्रीका रूपमा छनोट गरिएको छ । निर्दिष्ट पाठ्यांशअन्तर्गतका छओटा कविताका पाठहरूमध्ये अमर गिरीको 'चराका गीतहरू' कवितामा प्राणीजन्य स्वतन्त्रताको सन्दर्भ उठान गरिएको छ । पृथ्वी र प्रकृति मानिसको मात्र नभई सबै प्राणी, पशुपक्षीको साझा सम्पत्ति हो भन्ने भाव व्यक्त गरिएको उक्त पाठलाई पर्यावरणीय दृष्टि उपयुक्त मान्न सकिन्छ । उक्त पाठ्यांशमा समावेश गरिएका चारोटा निबन्धमध्ये कुनै पनि निबन्धमा पर्यावरणीय सचेतता पाइँदैन । तथापि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'के नेपाल सानो छ ?' शीर्षकको एउटा निबन्धमा पर्यावरणीय विषयवस्तु समावेश भएका छन् । अनिवार्य नेपाली विषयको पाठ्यांशअन्तर्गत रहेका पाँचोटा कथामध्ये पर्यावरणीय विषयवस्तुलाई प्राथमिकता दिइएका र पर्याचेत उठान गरिएका कुनै पनि पाठ समावेश गरिएको छैन । पद्मावती सिंहद्वारा लेखिएको 'आरुको बोट' कथामा पर्यावरण सन्दर्भहरू जोडिएका छन्, तर पाठको उद्देश्य पर्यावरणीय पक्षतर्फ केन्द्रित रहेको पाइँदैन ।

विश्लेष्य पाठ्यांशमा समावेश गरिएको एक मात्र उपन्यास 'चुली' हो । सरुभक्तद्वारा लिखित उक्त उपन्यासको मूल ध्येय पर्यावरणीय सन्तुलन र पर्याचत नभए तापनि विषयवस्तु पर्यावरणसँग सम्बद्ध छ । प्रकृतिको मानवीकरण गरिएको र जीवनयात्राका कठिनाइ र सङ्घर्षहरू प्रस्तुत गर्ने क्रममा हिमालको आरोहण, त्यहाँको परिवेश उठान गरिएको छ । पर्यावरणीय पक्ष केही उल्लेख गरिएको भए पनि पर्याशैक्षणिक दृष्टिबाट भने चयनीय पाठ पर्याचेतमूलक मान्न सकिँदैन । नाटक खण्डमा राखिएका दुइटै एकाङ्कीमा पर्यावरणीय विषयसन्दर्भ र पर्याचेतका विषयवस्तु समावेश भएका छैनन् । बिएड प्रथम वर्षका लागि निर्धारण गरिएको 'अनिवार्य नेपाली' पाठ्यांशमा साहित्यिक विधाको अध्ययनअन्तर्गत राखिएका जम्मा १८ ओटा पाठहरूमध्ये एउटा पाठमा मात्र पर्यावणीय विषयवस्तु पर्याप्त रहेको र पर्यावरणीय सचेतना सामान्य रहे तापनि प्रकृतिलाई मानिसको मात्र निजी सम्पत्ति ठान्न नहुने पर्यावरणीय सन्तुलन तथा प्राणीजन्य सहभाव उल्लेख गरिएको छ । त्यस्तै तीनोटा रचनामा अन्य विषयवस्तुसहित पर्यावरणका विषयवस्तु पनि रहेका छन्, तर पर्यावरणीय दृष्टिले उपयुक्त र सार्थक देखिँदैनन् । तसर्थ १८ ओटा पाठमा एउटा पाठ मात्र पयावरणीय दृष्टिले उपयुक्त रहनुले पर्याशैक्षणिक दृष्टिबाट उक्त पाठ्यांशमा चयन गरिएका विधा उपयुक्त मान्न सकिँदैन ।

बिएड प्रथम वर्षमा नेपाली मूल विषय लिने विद्यार्थीका लागि मेजर र सहायक विषयका रूपमा लिने विद्यार्थीका लागि माइनर पाठ्यांशका रूपमा रहेको 'नेपाली कथा र उपन्यास' मा कथा तथा उपन्यासको सैद्धान्तिक स्वरूप र नेपाली आख्यानको ऐतिहासिक सन्दर्भसहित विकासक्रम राखिएको छ । विभिन्न प्रकृतिका कथा र उपन्यासलाई पाठ्यविषयका अथवा पाठका रूपमा चयन गरिएको छ । चयन गरिएका कथा १४ ओटा छन् भने छओटा उपन्यासलाई पाठ्यसामग्रीका रूपमा चयन गरिएको छ । निर्दिष्ट कथामध्ये कुनै पनि कथामा पर्यावरणीय विषयवस्तुलाई प्राथमिकता दिइएको छैन । पर्यावरणका केही सन्दर्भहरू कतिपय कथामा पाइन्छन् । त्यस्ता कथामा मानिस तथा प्रकृतिका सहसम्बन्धका सङ्केत मात्र भेटिन्छन् । भवानी भिक्षुद्वारा लेखिएको 'सावित्रीको बाख्रो', रमेश विकलद्वारा लिखित 'लाहुरी भैँसी' कथामा मानिसले पशुपक्षीलाई

आफ्नो स्वार्थपूर्तिका साधन मात्र बनाएको देखाइएको छ। मानवेतर प्राणी प्रकृतिका स्वतन्त्र जीव हुन् भन्ने पर्यावरणीय मान्यतालाई स्वीकार नगरी मानिसका साधन मात्र भएको विषयवस्तु उठान गर्दै प्राणीप्रतिको संवेदनशीलता आवश्यक रहेको सङ्केत गरिएको छ; तर पर्याशैक्षणिक दृष्टिले हेर्दा कुनै कथा पनि चयनीय देखिँदैनन्।

बिएड प्रथम वर्षकै मेजर विषयका रूपमा रहेको 'नेपाली नाटक, एकाङ्की तथा निबन्ध' पाठ्यांशमा निर्दिष्ट विधाका सैद्धान्तिक स्वरूप र ऐतिहासिक सन्दर्भसहित विकासक्रमका विषयवस्तु समावेश गरिएको छ। पाठ्यवस्तुका रूपमा चारोटा नाटक, सातोटा एकाङ्की र १३ ओटा निबन्ध रहेका छन् । पाठ्यांशमा समाविष्ट चारोटै नाटकमा पर्यावरणीय विषयवस्तुलाई सघन ढङ्गले उठान गरिएको पाइँदैन । पर्यावरणीय सन्तुलन र पर्याचेतका सन्दर्भको कहीँ कतै उल्लेख गरिएको देखिँदैन। तर विजय मल्लद्वारा लिखित 'भोलि के हुन्छ ?' नाटकमा विश्वका शक्तिराष्ट्रहरूको आणविक प्रतिस्पर्धाका कारण भूमण्डलीय जटिलता सृजना हुने र मानव सभ्यता सङ्कटमा पर्ने विचार व्यक्त गर्दै त्यस्ता प्रवृत्ति त्याग्नुपर्ने आवश्यकता औँल्याइएको छ । त्यसैगरी वासु शशीद्वारा लिखित 'बाँसुरीमा नअटाएका धुनहरू' नाटकमा पर्यासन्तुलनका सन्दर्भलाई प्राधान्य दिइएको नपाइए तापनि किसान र कृषि पेसाको महत्त्व उल्लेख गर्दै त्यस्ता कार्यले आत्मनिर्भरता बढ्ने जनाइएको छ। प्रत्यक्षतः आर्थिक आत्मनिर्भरतामा जोड दिने अपेक्षा गरेको भए तापनि परोक्षमा पर्यावरणीय सन्तुलनका लागिसमेत सहयोगी बन्ने भाव रहेको देखिन्छ।

उक्त पाठ्यांशमा समावेश गरिएका सातोटा एकाङ्कीमध्ये मोहनराज शर्माद्वारा लिखित 'अब बाँभ्कोे हुन्न' शीर्षकको एकाङ्की पर्याचेतसहित पर्यासन्तुलनको अपेक्षासहितको विचार प्रवाह गर्ने सघन कृति बनेको छ। उक्त पाठमा मानिसले आफ्नो स्वार्थपूर्तिका लागि पानीमा करेन्ट लगाउँदा पानीमा रहेका माछासहित सबै जीवहरू मर्ने र तिनहरूको अस्तित्त्व सङ्कटमा पर्ने भएकाले मानिसबाट त्यस्तो कार्य गर्न नहुने विचार गर्दै पारिस्थतिकीको निरन्तरतामा जोड दिइएको छ । त्यस्तै सोही पाठ्यांशमा रहेको सरुभक्तद्वारा लिखित 'निमावीय' एकाङ्कीमा पर्यावरणीय सन्तुलनको अपेक्षाभन्दा मानिसको यान्त्रिक जीवन, अस्वस्थ प्रतिस्पर्धाका सवाल उठान गर्दै विश्वब्रह्माण्डको गतिशील तथा स्वभाविक सहसम्बन्धमा जोड दिइएको देखिन्छ । यसबाट पर्यावरणीय पक्षको परोक्ष किसिमले सङ्केत गरेको छ । त्यसैगरी उक्त पाठ्यांशमा समावेश गरिएका १३ ओटा निबन्धमध्ये पर्यावरणीय सन्तुलनका दिशामा उन्मुख भएका रचना कुनै पनि छैनन्। देवीचन्द्र श्रेष्ठद्वारा लिखित 'ताकलाकोटदेखि मानसरोवरसम्म' शीर्षकको नियात्रामूलक निबन्धमा प्राकृतिक सुन्दरताका पक्षहरू उल्लेख गरेको पाइए तापनि पर्याचेततर्फ मुखर बनेको पाइँदैन । त्यसैले निर्दिष्ट पाठ्यांशमा रहेका सबै रचनाहरूमध्ये जम्मा एउटा रचना मात्र पर्याचेतसहित पर्यावरणीय सन्तुलनका दिशामा प्रवृत्त कृति मात्र सकिन्छ। उक्त 'अब बाँभ्कोे हुन्न' एकाङ्की पर्याशैक्षणिक दृष्टिले उपयुक्त रहेको देखिन्छ।

बिएड दोस्रो वर्षको मेजर तथा माइनर पाठ्यांशका रूपमा रहेको 'नेपाली कविता र काव्य' मा कविता तथा काव्य विधाको विधागत स्वरूप, नेपाली कविता काव्यको ऐतिहासिक विकासक्रमसहित विभिन्न स्रष्टाका कविता र काव्यलाई पाठ्यसामग्रीका रूपमा चयन गरिएको छ। त्यसमा फुटकर कविता र गीत जम्मा २७ ओटा रचनाका पाठ छन् भने खण्डकाव्य र लामो कविता विधाका चारोटा रचना समाविष्ट छन्। त्यस्तै उक्त पाठ्यांशमा दुइटा महाकाव्य समेटिएका छन्। यसरी जम्मा ३१ ओटा कृतिलाई पाठ्यवस्तुका रूपमा राखिएको उक्त पाठ्यांशमा लेखनाथ पौड्यालद्वारा लिखित 'गौँथलीको चिरीबिरी' कवितामा धरती र वातावरण मानिसको मात्र नभई पशुपक्षीको पनि हो। पृथ्वी सबैको साभ्का घर हो भन्ने पर्यावरणीय साभ्केदारी सघन विचार व्यक्त रचना रहेको छ। उक्त पाठ्यांशमा रहेको सिद्धिचरण श्रेष्ठद्वारा लिखित 'ओखलढुङ्गा' कवितामा प्रकृतिको सुन्दर वर्णन गरिएको छ । त्यसमा पर्यावरणीय सौन्दर्य उद्घाटनसहित विभिन्न सन्दर्भ उल्लेख गरिएको छ। उक्त पाठ्यांशमा समाविष्ट लेखनाथ पौड्यालद्वारा लिखित खण्डकाव्य 'ऋतुविचार' तथा मोहन कोइरालाद्वारा लिखित

'सिमसारको राजदूत' कृतिलाई पर्यावरणीय दृष्टिले उपयुक्त मान्न सकिन्छ। पर्यावरणीय सन्दर्भ र प्रकृतिका विभिन्न पक्ष उठान गरिएका रचना जस्तै– 'सुलोचना' महाकाव्य, 'कुञ्जिनी' खण्डकाव्य 'असार' फुटकर कविता पनि छन्। तर तिनमा पर्यावरणीय संरक्षण र सन्तुलनका विषयवस्तु उठान भएको पाइँदैन। अन्य पाठ्यांशका तुलनामा यस पाठ्यांशमा पर्याचेत प्रविष्ट भएका रचना बढी देखिन्छन्। यस पाठ्यांशलाई पर्याशैक्षणिक दृष्टिले उपयुक्त मान्न सकिन्छ। किनकि जम्मा ३१ ओटा पाठ्यसामग्रीमध्ये तीनओटा रचनामा पर्याचेतको सघनता देखिन्छ। अन्य रचनामा पनि पर्यावरणीय पक्ष पर्याप्त उल्लेख भएका छन्।

## *निष्कर्ष*

निर्दिष्ट पाठ्यांश पाठ्यक्रमकै रूपमा रहेका छन्। कतिपय स्थानमा पाठ्यक्रम भनिएको छ भने कतिपय स्थानमा पाठ्यांश भनिएको छ। विश्लेषणमा परेका सबै पाठ्यांशमा परिचायात्मक सूचनासहित पाठ्यांशको परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, पाठ्यविषय, शिक्षण विधि, प्रविधि (साधारण शिक्षण प्रविधि, विशिष्ट शिक्षण प्रविधि), मूल्याङ्कन प्रक्रियासमेत विस्तृत किसिमले उल्लेख गरिएकाले पाठ्यक्रमै हुन् भन्न सकिन्छ। पाठ्यांश र पाठ्यक्रमलाई पर्यायवाची शब्दका रूपमा उपयोग गरिने विश्वव्यापी मान्यता रहेजस्तै विश्लेषण गरिएका पाठ्यांशलाई पनि पाठ्यक्रमकै रूपमा लिन सकिन्छ। बिएड प्रथम वर्षको 'अनिवार्य नेपाली' पाठ्यांशमा रहेकामा जम्मा छओटा कवितामध्ये जम्मा एउटा कविता पर्यावरणीय सन्दर्भसहित सचेतताको छनक पाइन्छ। उक्त पाठ्यांशमा रहेका चारोटा निबन्धमध्ये कुनै पनि पाठमा पर्याचेत उठान भएको छैन तर एउटा निबन्धमा पर्यावरणीय सन्दर्भ भने रहेको छ। कथा खण्डअन्तर्गतको एउटा कथा र पाठ्यांशमा छनोटमा परेको एउटा मात्र उपन्यास 'चुली' मा पर्यावरणीय पक्ष केही मात्रामा उल्लेख गरिएको भए पनि पर्याशैक्षणिक दृष्टिबाट भने चयनीय पाठ मान्न सकिन्न। उक्त पाठ्यांशमा रहेका १८ ओटा पाठमध्ये एउटा पाठ 'चराका गीतहरू' मा मात्र पयावरणीय दृष्टि सघन देखिनु र अन्य १७ ओटै पाठमा पर्याचेतको कुनै छनक नपाइनुले पर्याशैक्षणिक दृष्टिबाट त्यस पाठ्यांशलाई राम्रो मान्न सकिँदैन।

बिएड प्रथम वर्षको मेजर तथा माइनर विषयका रूपमा रहेको 'नेपाली कथा र उपन्यास' पाठ्यांशमा रहेका कथाहरू पर्याशैक्षणिक दृष्टिले हेर्दा चयनीय देखिँदैनन्। उपन्यासहरूमा पनि पर्याशैक्षणिक सन्तुलन र पर्याचेतको सम्भावना निर्देश गरिएका कुनै उपन्यास समावेश भएका छैनन्। त्यस्तै प्रथम वर्षकै अर्को मेजर विषयका रूपमा रहेको 'नेपाली नाटक, एकाङ्की र निबन्ध' पाठ्यांशका जम्मा २४ ओटा रचनामध्ये जम्मा एउटा रचना मात्र पर्याचेतसहित पर्यावरणीय सन्तुलनका दिशामा उन्मुख रहेको 'अब बाँको हुन्न' एकाङ्की पर्याशैक्षणिक दृष्टिले उपयुक्त देखिन्छ। प्रथम वर्षको नेपाली मेजरमा दुइटा पाठ्यांशका जम्मा ४४ ओटा पाठहरूमध्ये जम्मा एउटा पाठ मात्र पर्याचेतको सघन विचार रहेको पाठ मान्न सकिने अवस्था रहेकाले पर्याशैक्षणिक दृष्टिमा उक्त दुवै पाठ्यांश कमजोर रहेका छन्। बिएड दोस्रो वर्षको 'नेपाली कविता र काव्य' पाठ्यांशका जम्मा ३१ ओटा पाठ्यसामग्रीमध्ये तीनओटा रचनामा त पर्याचेतको प्रकट भएको छ भने अन्य केही रचनामा पनि पर्यावरणीय पक्ष पर्याप्त उल्लेख भएका कारण पर्याशैक्षणिक दृष्टिले यो पाठ्यांशलाई उपयुक्त मान्न सकिन्छ। त्यसैगरी बिएड तेस्रो वर्षको 'साहित्यशास्त्र र नेपाली समालोचना' पाठ्यांशमा पनि पर्यावरणीय समालोचना समावेश गरी तत्सम्बन्धी क्षमता विकाससहित सचेतता अभिवृद्धि गर्न सकिन्छ। वर्तमान समयको उक्त पाठ्यांशमा पर्यावरणीय समालोचनालाई प्रविष्ट गरिएको छैन। हुन त अन्य पाठ्यांशमा पनि पर्यावरणीय सन्दर्भ, तत्समबन्धी शब्दभण्डार, अभ्यास र परियोजना कार्यहरू कुनै न कुनै रूपमा प्रश्रय दिन सकिने भए तापनि त्यस्ता पक्षलाई प्रवेश गराइएको देखिँदैन। यसरी पर्याशैक्षणिक दृष्टिले मूल्याङ्कन गर्दा बिएडका नेपाली विषयका पाठ्यांशलाई सकारात्मक छन्, यिनले दिगो विकास लक्ष्य हासिलमा सहयोग पुऱ्याउँछन्, मानिसलाई पर्याचेत विकास र पर्यावरणीय पक्षमा कर्तव्यशील बनाउँछन् भन्न सकिने अवस्था देखिँदैन।

## *सन्दर्भ सामग्रीहरू*


अधिकारी, हेमाङ्गराज (२०६७). *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल।

एटम, नेत्र (२०६९). पर्यावरणीय समालोचना, रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड). रत्न पुस्तक भण्डार।

एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना.* एकता बुक्स।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा–प्रतिष्ठान।

कर्माचार्य, सूर्यलाल र अन्य (सन् २००३). *करिकुलम एन्ड इभ्यालुएसन. सेल्फ लर्निङ मटेरियल फर वन इयर बिएड.* त्रिवि शिक्षाशास्त्र सङ्काय।

कान, रिचार्ड (सन् २०१०). *क्रिटिकल पेडागोजी, इकोलिटरेसी एन्ड प्लानेटरी क्राइसिस.* पिटर ल्याङ पब्लिसिङ।

केरिज, रिचार्ड (सन् २००६). *इन्भारमेन्टालिज्म एन्ड इकोक्रिटिसिज्म लिटरेरी.* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६८). *पाठ्यक्रम र मूल्याङ्कन.* (सम्पा. लेखनाथ पौडेल). सनलाइट पब्लिकेसन।

खनाल, राजेन्द्र (२०८०). 'माध्यमिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पर्यावरणीय सन्दर्भको विश्लेषण'. अनुसन्धान निर्देशनालय, त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत लघुअनुसन्धान प्रतिवेदन।

खनाल, राजेन्द्र (सन् २०२४). 'पर्याशैक्षणिक दृष्टिले माध्यमिक नेपाली भाषापाठ्यपुस्तकका चित्रको विश्लेषण'. *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन.* ९ (१). पृ. १७ – ३४। doi: https://doi.org/10.3126/ire.v8i1.56723

खनाल, राजेन्द्र (सन् २०२४). 'झल्को बालउपन्यासको पर्यावरणीय सन्दर्भ'. *वाङ्मय.* - २१ (१). पृ. ११९–१३०। doi: https://doi.org/ 10.3126/van gmaya.v 21i1.74245

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन।

ग्रार्ड, ग्रेग (सन् २००४). *इकोक्रिटिसिज्म.* रट्लेज।

टाइसन, लुइस (सन् २०१०). *क्रिटिकल थ्योरी टुडे.* रट्लेज।

ट्यालर, पौल डब्लु (सन् २०११). *रेस्पेक्ट फर नेचर.* प्रिन्स्टन युनिभर्सिटी प्रेस।

ढुकाल, शान्तिप्रसाद (२०७३). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* पिनाकल पब्लिकेसन।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* एमके पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स।

निउरे, ध्रुवप्रसाद (२०७०). *पाठ्यक्रम तथा मूल्याङ्कन.* क्वेस्ट पब्लिकेसन।

नेपाल, घनश्याम (सन् २०११). आख्यानका कुरा. एकता बुक हाउस।

न्यौपाने, महेन्द्र (२०७९). 'ब्लु प्लानेट कथासङ्ग्रहमा पर्यावरण'. त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुरमा प्रस्तुत लघु अनुसन्धान प्रतिवेदन।

पोखरेल, गोकुल (२०७२). 'नदी किनाराका माझी काव्यसङ्ग्रहमा पर्यावरण'. दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

पौडेल, माधवप्रसाद (२०६७). *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति.* विद्यार्थी पुस्तक भण्डार।

प्रधान, प्रमोद (२०६९). *नेपाली बालसाहित्यको इतिहास.* शिखा बुक्स।

फ्रेरे, पाउलो (सन् २००५). *पेडागोजी अफ द अप्रेस्ड.* द कन्टिनम इन्टरनेसनल पब्लिसिङ ग्रुप।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श. मोर्डन* बुक्स।

भट्टराई, गोविन्दराज (२०८०). 'परिवृत्तीय सृजना र मूल्याङ्कन'. *पर्यासाहित्य : सृजना र सिद्धान्त* (सम्पा. गोविन्दराज भट्टराई र विजय हितान). सम्पूर्ण किताब।

भट्टराई, रमेश (२०७०). *समय सौन्दर्य : पर्यावरण र कविता.* विवेक सिर्जनशील प्रकाशन प्रालि।

मिसियजेक, ग्रेग विलियम्स (सन् २०२२). *इकोपेडागोजी.* ब्लुम्स बरी पब्लिसिङ।

रिचर्डस्, ज्याक सि, प्लाट, जोन एन्ड प्लाट हेइदी (सन् १९९९). *लङम्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ एन्ड अप्लाइड लिङ्ग्विस्टिक्स.* लङम्यान।

शर्मा, उमानाथ एन्ड अदर्स (सन् २०१६). *अप्लाइड लिङ्ग्विस्टिक्स.* सनलाइट पब्लिकेसन।